**लेखप्रकाशन विवरण**: सङ्कलनः २०७७/०४/१०, समीक्षणः २०७७/०४/१७, सुधारः २०७७/०२/०२, स्वीकृतः २०७७/०५/०९

# अष्ट्रेलियामा बसोवास गर्ने गैर आवासीय नेपाली संघको भूमिका

**धुब प्रसाद बस्याल**, पीएचडी
उपप्राध्यापक, समाजशास्त्र

**लेखसार**

*मानब विकासको इतिहास भन्नु नै बसाइ सराइको इतिहास हो। बसाइ सराइ भनेको आफ्नो थातथलो छोडेर नया स्थानमा जानु हो। बसाइ सराइका कारण आर्थिक, सामाजिक र राजनैतिक कारणहरु हुन्छन। सन् १९९० पछि नवउदारबाद र भुमण्डलीकरणले गर्दा बसाइ सराइको विगतको भन्दा फरक चरित्र र आयामहरु देखा परेका छन। विगतमा मूलथलो छोडेपछि फर्केर आउने वा सर्म्पकमा रहने चलन ज्यादै कम थियो। हालको वैदेशिक बसाई सराइले कसरी आफ्नो मूलथलो र कर्मथलो जोड्छ भन्ने वारेमा समाजशास्त्रीय बुझाइ कम छ। नेपालको इतिहास हेर्ने हो भने आर्थिक अथवा धार्मिक कार्यको लागि आफ्नो देश छोडेर विदेश जाने क्रम ज्यादै पुरानो रहेको पाइन्छ। आजको जस्तो अमेरिका, अष्ट्रेलिया, बेलायत, जापान, कोरिया जाने चलन प्रायः थिएन। बसाइ सराइ पहाडवाट तराइतिर र भारत तथा म्यानमारसम्म सिमित थियो। हाल करिब ८० लाख नेपाली विदेशमा रहेको अनुमान छ। गैर आवासिय नेपाली सम्वन्धमा नेपाली सामाजिकशास्त्री र समाजशास्त्रीहरुले यस क्षेत्रमा खासै अनुसन्धान गरेको पाइदैन। गैर आवासिय नेपालीहरुले तिनीहरुको जन्मस्थानसंग कसरी निरन्तर संम्पर्कमा रहिरहन्छन भन्ने वारेको बुझाइ ज्यादै कम पाइन्छ। हालैका दिनमा अष्ट्रेलिया जाने र उतै बसोवास गर्ने नेपालीहरुको संख्या दिनानुदिन बढीरहेको छ। गैर आवासिय नेपाली संघका वारेमा पत्रपत्रिका तथा राजनितिक भाषणमा धेरै चलन चल्तीमा आएको भएता पनि यो संघको विधानमा के के कुरा समावेस छन, नेपाल सरकारको कानुनमा गैर आवासिय नेपाली वारेमा के ब्यवस्था छ भन्ने वारे जानकारी कम रहेको छ। यहि विषय वस्तुलाई ध्यानमा राखि प्रस्तुत लेखले अष्ट्रेलियामा बसोवास गर्ने नेपालीहरु कसरी एक आपसमा आबध्द भई अष्ट्रेलियन नेपालीको पहिचान बनाएका छन् भन्ने वारे प्रकाश पार्नु यस लेखको उद्येश्य रहेको छ। यस अध्ययनको लागि प्राथमिक तथा द्वितियक तथ्यांक संकलन गरिएको छ। लेखक स्वयं अध्ययनका क्रममा अष्ट्रेलियामा बस्दाको अनुभव, अवलोकन तथा अष्ट्रेलियामा बसोवास गर्नेहरुसंगको अर्न्तवार्तामा आधारित छ।*

## नेपालमा वसाईसराईको ऐतिहासिक पक्ष

लिच्छवीको शासनकालमा करिब ६४६ तिर नेपालको तिब्बतसँग कारोबार गर्नेगरेको पाइन्छ। त्यसैले नेपालले अन्य देशसँगको सम्बन्ध विस्तार गर्न पाएन र तिब्बतसँगको व्यापारमा मात्र खुम्चिएर बस्नुपरेको थियो। त्यसको अलावा भारतसँग पनि हुने गरेको थियो किनकि भारतीयहरू पनि नेपालको बाटो भएर व्यापारको लागि तिब्बत जाने गरेको कुरा इतिहासमा उल्लेख गरिएको छ। यो प्रायः गरेर १७ औं शताब्दीतिर बढी प्रचलित थियो र बौद्ध धर्मको प्रचार पनि तिब्बतमा र नेपाल निकै विकसित भएको अवस्था थियो साथै भारतमा पनि यो विस्तार भएको थियो (उप्रेती, १९९६) ।मध्यकालीन (Medieval Period) युगमा नेपालको व्यापार प्रायः गरेर ब्रिटिश भारत र तिब्बतसँग हुने गरेकोले नेपालको काठमाडौं को रूपमामध्यबिन्दुको (Epic Center of Trans-Himalayan trade) रूपमा देखा परेको थियो । तर जब पृथ्वीनारायण शाहले काठमाडौंमा एकिकरण गरे पछि यो व्यापारिक नाका बन्द हुनगएको देखिन्छ। तैपनि धेरथोर मात्रामा व्यापारिक कारोबार चलि नै रहेको थियो। यो बेलादेखि नै धेरैजसो नेपाली व्यापारीहरू ल्हासामा नै स्थायी रूपले बसोवास गर्नथालेको पाइन्छ (अधिकारी, २०१०)।

नेपालका प्रधानमन्त्री जंगबहादुर राणाले १८५० मा युरोप भ्रमणमा निस्किए त्यसपछि मात्र British India को व्यापारमा वृद्धि हुनथालेको थियो। त्यसैगरी नेपालको तिब्बत, तिब्बत र ब्रिटिश भारतको व्यापार १८ औं र १९औं शताब्दीमा व्यवस्थित हुन गराइएको पाइन्छ। किनकि नेपाली सिक्का तिब्बतमा सजिलैसँग चल्ने गर्दथ्यो। जब नेपालले ब्रिटिश भारतँग सन् १९२३ मा व्यापारिक सन्धि गऱ्यो त्यसपछि तिब्बतमा नेपाली सिक्काको चलन चल्तिमा कमी आउन थाल्यो भने भारतबाट सजिलै भारतीय सामानहरू नेपाल भित्रिन थाल्यो, जसको कारणले गर्दा नेपालमा भएका घरेलु उद्योगहरूले भारतीय उद्योगसँग प्रतिस्पर्धा गर्नुपर्ने भएको लामो समयसम्म टिक्न सकेनन्। सन् १९५० पछि मात्र अन्य छिमेकी मुलुकसँगको दौत्य सम्बन्धले गर्दा अन्तर्राष्ट्रिय संघ संगठनको सदस्य राष्ट्र हुने मौका नेपालले पायो र आर्थिक पछौटेपन कम गर्नका लागि सन् २००० मा उद्योग मन्त्रालयको पहलमा पहिलो छलफल र भेटघाट गरी अन्य मुलुकसँग पनि आर्थिक कूटनीति विकास गर्ने निर्णय गऱ्यो। सन् २००८ मा पनि सो छलफल भयो तर त्यति सफल हुन नसके पनि Economic Relation coordination Division (ERCD) को स्थापना गर्न सफल भयो। सोही अवसरमा परराष्ट्र मन्त्रालयको नेतृत्वमा Multi Lateral Economic Affaris Division को स्थापना गरियो र Development Through Economic Diplomacy भन्ने पुस्तक प्रकाशन गरियो तर हालका दिनमा Economic Diplomacy को छुट्टै शाखा सञ्चालन गरिएको छ। जसको प्रमुख कार्य भनेको नै NRNA लाई सघाउनु रहेको छ। जसको प्रमुख कार्य भनेको नै NRNA लाई सघाउनु रहेको छ। साथै राष्ट्रिय योजना आयोगले पनि नेपालको दिगो विकासका लागि NRNA को कस्तो भूमिका उपयुक्त हुन्छ भन्ने बारेमा अध्ययन अनुसन्धान गरेर सघाउ पुऱ्याउने कार्य गर्दै आइरहेको छ। (MoFA, २०१३)। यसको मुख्य उद्देय भन्नु नै विभिन्न देशहरूमा भएका अवसरहरूलाई कसरी ग्रहण गर्दै जाने र चुनौतीहरूको सामना कसरी गर्ने भन्ने रहेको छ। साथै हाम्रो जस्तो भूपरिवेष्ठित राज्यले कसरी फाइदा उठाउन सक्छ र विश्व व्यापारमा कसरी प्रवेश गर्ने र फाइदा लिने भन्ने रहेको छ। हाल गैह्र आवासिय नेपालीको संख्या कति छ भनि ऐकिन गर्न नसकिएता पनि यो घटनाले नेपालको सामाजिक, राजनीतिक तथा आर्थिक अवस्थालाई प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा प्रभाव पारेको देखिन्छ।

## गैरआवासीय नेपाली

गैरआवासीय नेपाली' भन्नाले नेपाली मूलको विदेशी नागरिक १८२ दिनभन्दा बढी दक्षिण एशियाली सहयोग संगठनअन्तर्गतका मुलुकहरूबाहेकका अन्य देशहरूमा अध्ययन, पेशा, रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई बुझाउँछ। त्यसैगरी 'नेपाली मूलका विदेशी नागरिक' भन्नाले कुनै व्यक्ति साविकमा स्वयं वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली सहयोग संगठन (SAARC) को सदस्य मुलुकबाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्तिलाई जनाउँछ (NRNA, 2003-2013: पृष्ठ १)।

## गैर आवासीय नेपाली संघका उद्येश्य र कार्यहरु

विदेशमा बस्ने नेपालीहरूलाई एक जुट बनाउने, नेपालभित्र र बाहिर उनीहरूको हितलाई प्रवर्द्धन गर्ने र नेपालको हितमा उनीहरूको योगदान गर्न परिपालन गर्ने एक गैरनाफामूलक सामाजिक संस्थाको रूपमा कार्य गर्नु नै गैर आवासिय नेपाली संघको मुख्य उद्देश्य रहेको छ। गैर आवासिय नेपाली संघले सदस्यतालाई चार भागमा विभाजित गरेको छ।वर्षमा १८२ दिनभन्दा बढी दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरूबाहेकका अन्य देशहरूमा अध्ययन, पेशा रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिक वा नेपाली मूलका विदेशी नागरिक यो संघका साधारण सदस्यको रुपमा मान्यता दिइएको छ।त्यसै गरि विधानमा तोकेबमोजिम राष्ट्रिय परिषद् वा राष्ट्रिय समन्वय परिषद् गठन भइ नसकेको राष्ट्रमा अन्तर्राष्ट्रिय परिषद्बाट सदस्यता प्राप्त गर्ने व्यक्तिहरू संघको पञ्जीकृत सदस्यको रुपमा मानिएको छ।

सम्बद्ध सदस्यको लागि नेपाललाई सहयोग र प्रवर्द्धन गर्नपाउने गैरनेपाली मूलको व्यक्ति वा संस्था संघको सम्बद्ध सदस्य हुनेछ।मानार्थ सदस्य :गैरआवासीय नेपालीको हक, हित संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूलाई अन्तरराष्ट्रिय समन्वय परिषद्ले मानार्थ सदस्य प्रदान गर्नेछ (NRNA; 2003-2013: पृष्ठ ३० ।

गैर नेपाली आवासिय नेपाली संघले विश्व सम्मेलन, क्षेत्रीय सम्मेलनसम्बन्धी व्यवस्था, अन्तर्राष्ट्रिय महाधिवेशन आयोजना गर्दै आएको छ। गैरआवासीय नेपालीहरूमा नेपालप्रतिको मायालाई वृद्धि गरी त्यस्ता व्यक्तिलाई नेपालको सर्वाङ्गीण विकासमा सहभागी गराउने उद्देश्यले व्यवस्थापिका संसदलेगैरआवासीय नेपाालीका बारेमा ऐनको निर्माण गरेको पाइन्छ। जसलाई गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ को नामाकरण गरिएको छ। उक्त ऐनले निम्न अनुसारका कार्यहरू गरेको पाइन्छ(नेपाल राजपत्र, भदौ १०, २०६४)।

**गैरआवासीय नेपालीको अभिलेख खडा गर्ने**

उपदफा १ बमोजिम कुनै गैरआवासीय नेपाली वा निजको परिवारले गैर आवासीय नेपालीको हैसियतमा नाम दर्ता गराउन चाहेमा तोकिएबमोजिमको दस्तुरसहित तोकिएको अधिकारीसमक्ष निवेदन दिन सक्नेछ। सो निवेदनको आधारमा तोकिएको अधिकारीले आवश्यक छानबिन गरी तोकिएबमोजिम गैरआवासीय नेपालीको अभिलेख खडा गर्नेछ।

**परिचयपत्र दिने**

दफा ३ बमोजिम अभिलेखमा नाम समावेश भएको गैर आवासीय नेपालीले परिचयपत्र लिन चाहेमा आवश्यक दस्तुर दिई गैर आवासीय नेपालीको परिचय पत्र दिन सक्नेछ। उपदफा (२) बमोजिम नेपाली मूलको विदेशी नागरिक भए निजले प्राप्त गरेको प्रवेशाज्ञा (Visa) को अधीनमा रही बढीमा दश वर्ष र विदेशमा बस्ने नेपाली भए दुइ वर्षसम्म बहाल रहने व्यवस्था रहेको छ। परिचय पत्र नवीकरण गराउन चाहने गैरआवासीय नेपालीले अवधि समाप्त हुनुअगावै तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ।

- **गैरआवासीय नेपालीको हैसियत कायमै रहने व्यवस्था**:
  यो ऐनबमोजिम लगानी गरेको विदेशमा बस्ने नेपाली नागरिक कुनै उद्योग वा व्यवसाय सञ्चालनको सिलसिलामा त्यस्तो उद्योग वा व्यवसायको सञ्चालक वा उच्च व्यवस्थापकीय पदाधिकारीको हैसियतले नेपालमा बसोवास गरेमा पनि निजको गैरआवासीय नेपालीको हैसियत कायमै रहनेछ।

**परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न पाउने व्यवस्था**:

परिचयपत्र प्राप्त गैरआवासीय नेपालीले परिवर्त्य विदेशी मुद्रामा आर्जन गरेको रकम नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्ने इजाजतपत्र प्राप्त कुनै पनि वाणिज्य बैंक वा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रामा खाता खोली सञ्चालन गर्ने छुट रहेको छ।

**परिवर्त्य विदेशी मुद्रामा लगानी गर्नसक्ने व्यवस्था**

गैरआवासीय नेपालीले गैरआवासीय नेपालीको पचास प्रतिशतभन्दा बढी शेयर लगानी भएको कुनै विदेशी कम्पनिले प्रचलित कानुनबमोजिम विदेशी लगानीको लागि खुला गरिएको उद्योग वा व्यवसाय वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गैरआवासीय नेपालीको लागि लगानी गर्न खुला गरेको अन्य कुनै उद्योग वा व्यवसायमा विदेशमा विदेशी मुद्रामा आर्जन गरेको रकम नेपालमा परिवर्त्य विदेशी मुद्रामा लगानी गर्नसक्नेछ।

**जानकारी दिनुपर्ने व्यवस्था**

कुनै गैरआवासीय नेपालीले नेपालमा लगानी गरेमा तोकिएको विवरण खुलाई तोकिएको अधिकारीसमक्ष सोको जानकारी दिनुपर्नेछ।

**रकम फिर्ता लैजान सक्ने व्यवस्था**

गैरआवासीय नेपालीले दफा ७ बमोजिम गरेको लगानी र त्यसबाट प्राप्त लाभ बराबरको रकम निजले परिवर्त्य विदेशी मुद्रा तोकिएबमोजिम फिर्ता लैजान सक्नेछ।

**नेपाली मूलका विदेशी सुविधा तथा सहुलियतसम्बन्धी व्यवस्था**

नेपाली मूलका विदेशी नागरिकले नेपालभित्र बसोवास गर्नको लागि आफ्नो वा आफ्नो परिवारको लागि तोकिएको क्षेत्रफलको जग्गा वा अन्य सम्पत्ति खरिद गर्न सक्नेछ।

उपदफा (१) बमोजिम नेपाली मूलको विदेशीले खरिद गरेको सम्पत्ति प्रचलित कानुनको अधीनमा रही बिक्री पनि गर्नसक्नेछ।

नेपाली मूलको विदेशीको मृत्यु भई अपुताली परेमा नेपालमा सम्पत्ति भएमा उक्त सम्पत्ति निजको हकवाला परिचयपत्रप्राप्त नेपाली मूलको विदेशी नागरिक भए निजले पाउनेछ। यदि हकवाला नभए प्रचलित कानुनबमोजिम हुनेछ।

**भिसासम्बन्धी सुविधानको व्यवस्था**

नेपालमा बसोवास गर्ने वा लगानी गर्ने परिचयपत्रप्राप्त नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारलाई दश वर्षसम्मको गैरआवासीय भिसा दिनसक्ने व्यवस्था गरिएको छ। साथै उक्त भिसाको अवधि आवश्यकताअनुसार थप गर्नसकिनेछ।

**कर नलाग्ने व्यवस्था**

- गैरआवासीय नेपालीले लगानी गर्दाको पुँजी रकममा कुनै कर लाग्ने छैन।
- निजको नजिकको नातेदार नेपाली नागरिकलाई निजी प्रयोगको लागि एक आर्थिक वर्षमा पन्ध्र लाख रुपियाँमा नबढ्ने गरी नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्ने इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंक वा वित्तीय संस्थामार्फत पठाएको रकममा त्यस्तो रकम प्राप्त गर्दाको बखत कुनै कर लाग्ने छैन।
- गैरआवासीय नेपालीले कुनै नाफा आर्जन नगर्ने गरी खडा स्थापना भएको कुनै पनि सामाजिक, धार्मिक, शैक्षिक, साँस्कृतिक, इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैंक वा वित्तीय संस्थामार्फत पठाएको रकममा रकम प्राप्त गर्दाको समयमा कुनै कर लाग्ने छैन।

**उद्योग व्यवसाय सञ्चालन गर्नपाउने व्यवस्था**

नेपाली मूलको विदेशीले नेपाली नागरिक सरह नेपालमा उद्योग वा व्यवसाय सञ्चालन गर्नपाउने व्यवस्था गरिएको छ।

**प्रचलित कानुनबमोजिम सुविधाको व्यवस्थाः**

कुनै विदेशी नागरिकले परिवर्त्य विदेशी मुद्रामा नेपालमा लगानी गरेबापत पाउने सुविधा यो ऐनबमोजिम लगानी गर्ने नेपाली मूलका विदेशी नागरिकले पनि पाउने छन्।

**सल्लाहकार बोर्ड गठन गर्नसक्ने व्यवस्था**

विदेशी लगानीसम्बन्धी नीति वा कानुनलाई समयसापेक्ष बनाउन, गैरआवासीय नेपालीलाई लगानी गर्न उत्प्रेरित गर्ने सम्बन्धमा नेपाल सरकारलाइ सुझाव दिन तथा गैरआवासीय नेपालीहरूबीच सुमधुर सम्बन्ध कायम राख्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गर्र गैरआवासीय नेपाली संस्थाको समेत प्रतिनिधित्व हुनेगरी बढीमा सात जना रहेको एक सल्लाहकार बोर्डको गठन गर्नसक्ने व्यवस्था गरेको छ।

**गैरआवासीय नेपाली संघसम्बन्धी व्यवस्था**

गैरआवासीय नेपालीहरूबीच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले गैरआवासीय नेपालीहरूले नेपालभित्र गैरआवासीय संघ खोल्नपाउने छन् (NRNA)। २००३—२०१३ : पृ. ७८—७९।

**उद्योग व्यवसाय सञ्चालन गर्नपाउने व्यवस्था**

नेपाली मूलको विदेशीले नेपाली नागरिकसरह नेपालमा उद्योग वा व्यवसाय सञ्चालन गर्नपाउनै व्यवस्था गरिएको छ।

**प्रचलित कानुनबमोजिम सुविधाको व्यवस्था**

कुनै विदेशी नागरिकले परिवर्त्य विदेशी मुद्रामा नेपालमा लगानी गरेबापत पाउने सुविधा यो ऐनबमोजिम लगानी गरेबापत पाउनै सुविधा यो ऐनबमोजिम लगानी गर्ने नेपालीमूलका विदेशी नजागरिकले पनि पाउनेछन।

**सल्लाहकार बोर्ड गठन गर्नसक्ने व्यवस्था**

विदेशी लगानीसम्बन्धी नीति वा कानुनलाई समयसापेक्ष बनाउन, गैरआवासीय नेपालीलाई लगानी गर्न उत्प्रेरित गर्ने सम्बन्धमा नैपाल सरकारलाई सुझाव दिन तथा गैरआवासीय नेपालीहरूबीच सुमधुर सम्बन्ध कायम राख्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गैर आवासीय नेपाली संस्थाको समेत प्रतिनिधित्व हुनेगरी बढीमा सातजना रहेको एक सल्लाहकार बोर्डको गठन गर्नसक्ने व्यवस्था रहेको छ।

**गैरआवासीय नेपाली संघसम्बन्धी व्यवस्था**

गैरआवासीय नेपालीहरूबीच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले गैरआवासीय नेपालीहरूले नेपालभित्र गैरआवासीय संघ खोल्न पाउने छन्। गैर आवासीय नेपाली संघका कार्यहरुको अध्ययनवाट के स्पस्ट हुन्छ भने गैह्र आवासिय नेपालीहरुको संगठनको मार्फतवाट एकातिर मूलथलोवाट आएकाहरुमा एकताको भावना जगाउँने र भरअभरमा सहयोग गर्ने देखिन्छ भने अर्को तर्फ आफ्नो पुरानो थातथलोसगको सम्बन्धलाई कायमै राख्न खोजेको देखिन्छ। यस प्रकारको संगठनले आप्रवासीहरुको अधिकारलाई संस्थागत गर्ने काम भएको देखिन्छ।

**प्रथम गैरआवासीय नेपाली विश्व सम्मेलन**

गैरआवासीय नेपालीहरु नेपाल भित्रै सम्मेलन गर्न चाहन्छन र उनीहरुको कामको बैधता र औचित्यता स्थापित गर्न यहाँको राजनीतिक नेतृत्वलाइ आमन्त्रण गर्ने गरेको पाइन्छ। जस्तैप्रथम गैरआवासीय नेपाली विश्व सम्मेलन ११—१४ अक्टोबर, २००३ (२४ आश्विन, २०६२) मा काठमाडौंको वीरेन्द्र अन्तर्राष्ट्रिय भवनमा भएको थियो। जसको

सफलताको तत्कालीन राजा ज्ञानेन्द्र वीर विक्रम शाहद्वारा सफलताको कामनासहितको पत्र पढेर सुनाइएको थियो भने कार्यक्रमको पहिलो सत्र अर्थ तथा वाणिज्य मन्त्री प्रकाशचन्द्र लोहनीद्वारा स्वागत मन्तव्य व्यक्त गरिएको थियो। सम्मेलनको बारेमा कार्यक्रम संयोजक सुरज बैद्यले प्रकाश पार्नुभएको थियो। कार्यक्रमलाई सफलताको सन्देश दिने कार्य प्रधानमन्त्री सूर्यबहादुर थापाद्वारा भएको थियो। जसले गर्दा कार्यक्रमको महत्व बढ्नगएको देखिन्छ। अन्त्यमा धन्यवाद ज्ञापन गर्ने कार्यँ ल्ब्त्रक्षका अध्यक्ष विनोद श्रेष्ठद्वारा गरिएको थियो। त्यसका साथै नेपालमा आर्थिक लगानी गरेर रोजगारीको अवसरमा वृद्धि गर्नुका साथै आर्थिक तथा सामाजिक विकास गर्नु रहेको थियो। साथै विदेशमा भएका नेपालीहरूको सहयोगमा नेपालबाट निर्यात बढाएर विदेशी मुद्रा सञ्चयमा सघाउनु नै यो सम्मेलनकौ मुख्य उद्देश्य रहेको थियो। त्यसै गरी दोस्रो सम्मेलन ७ – ९ अक्टोबर २००५ मा काठमाडौंमा सम्पन्न भएको थियो। विश्वभर छरिएर रहेका गैरआवासीय नेपालीहरूद्वारा अन्तर्राष्ट्रिय समुदायमा नेपालको छवि उच्च बनाउनमा नेपाली समुदायकौ महत्वपूर्ण भूमिका रहेको देखिन्छ भने नेपालको छविलाई उच्च बनाउँदै संस्कृति, पर्यटनजस्ता क्षेत्रको विकास गर्ने प्रतिबद्धता जाहेर गरेको पाइन्छ। त्यसको अलावा वैदेशिक रोजगारीमा गएका नेपालीहरूको भविष्य राम्रो होस् भन्ने उद्देश्यले उनीहरूको आम्दानीको केही अंशलाई दीर्घकालीन लगानी योजना कोषका रूपमा स्थापना गर्ने प्रतिबद्धता जाहेर गर्दै उक्त कोषलाई १० मिलियन अमेरिकी डलर पऱ्याउने लक्ष्य लिएको थियो (NRNA, २००३ –२०१३:पृ. १२८–१२९) .

**तेस्रो गैरआवासीय नेपाली विश्व सम्मेलन**

यो सम्मेलन १५–१७ अक्टोबर, २००७ मा काठमाडौंमा सम्पन्न भएको थियो। यसको उद्देश्य मुख्य गरेर मुलुकको दीर्घकालीन शान्ति, लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता, व्यक्तिगत सम्पत्तिलगायतको मौलिक अधिकारप्रति प्रतिबद्धता व्यक्त गर्दै नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा सम्पन्न भएको थियो। संघले उठाउँदै आएको दोहोरो नागरिकतासम्बन्धी विषयमा सम्माननीय प्रधानमन्त्रीलगायत प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूद्वारा सकारात्मक धारणालाई हार्दिकतापूर्वक सम्मेलनले स्वागत गरेको थियो। विदेश जाने र विदेशमा काम गरेर फर्किएकाहरूले आर्जन गरेको सीप र ज्ञानलाई राष्ट्रिय विकासमा बढीभन्दा बढी उपयोग गर्न पहल गर्ने। विदेशबाट प्राप्त हुने रेमिट्यान्सले. नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने हुँदा यसलाई विस्तार गर्न विकसित देशहरूमा वैदेशिक रोजगारीका सम्भावित थप अवसरको खोजी गर्ने र विदेशमा भएका नेपालीहरूको लागि कल्याणकारी कोष स्थापना गर्न सघाउने प्रतिबद्धता व्यक्त गरिएको थियो। जीवन बीमालाई बढी सरल गराउन पहल गर्नें र हालको रकममा वृद्धि गर्ने लक्ष्य लिइएको थियो। पर्यटन वृद्धिको लागि 'एउटा साथीलाई नेपाल पठाऊ' भन्ने सरकारको नारालाई समर्थन गरी सफल बनाउन गैरआवासीय नेपाली समुदायलाई परिचालन गर्ने र लुम्बिनी, सगरमाथा, धार्मिक, प्राकृतिक, साँस्कृतिक सम्पदालाई विदेशमा चिनाउन गैरआवासीय संघको सहयोगमा कार्य गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो। साथै संघको सक्रियतामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विद्यमान सेवा सुविधानको स्तरमा वृद्धि गर्न सघाउने जस्ता प्रतिबद्धताका साथ सम्मेलन सम्पन्न भएको थियो (NRNA); २००३–२०१३ पृ.१२६–१२७)।

**चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन** :

यो सम्मेलन अक्टोबर १३–१५, २००९ मा काठमाडौंमा सम्पन्न भएको थियो। यसमा नेपाल सरकार र उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा सम्पन्न भएको थियो। यो सम्मेलनलाई सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, माननीय उप प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, विभिन्न राजनैतिक दलका शीर्ष

नेताहरू, नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, राष्ट्रिय जीवनका विविध क्षेत्रका व्यक्तित्वहरू र गैरआवासीय नेपाली संघका प्रतिनिधिहरू सम्बोधन गरेका थिए।

यो सम्मेलनमा विशेष गरेर प्रत्येक नेपालीको प्रतिष्ठा नेपालसँग गाँसिने हुँदा नेपाललाई शान्त र समृद्ध राष्ट्र बनाएर अन्तर्राष्ट्रिय जगतमा नेपाल र नेपालीको इज्जत उच्च राख्न देशभित्र र बाहिर रहेका सम्पूर्ण नेपालीको सहकार्य गर्न आवश्यक रहेको भन्ने कुरालाई सम्मेलनले जोड दिएको पाइन्छ। देशमा जारी शान्ति प्रक्रियालाई तार्किक एवम् सकारात्मक निष्कर्षमा पुऱ्याउन, निर्धारित समयमा संविधानसभाबाट लोकतान्त्रिक संविधान तयार गरी लागू गर्न र मुलुकको सामाजिक, आर्थिक रूपान्तरणका लागि एक आपसमा मिलेर काम गर्न राजनैतिक दलका शीर्ष नेताहरूबाट सम्मेलनका क्रममा व्यक्त प्रतिबद्धतालाई स्वागतयोग्य ठानी देशले शीघ्र निकास पाउनेमा सम्मेलन विश्वस्त रहेको कुरा उल्लेख गरिएको थियो। साथै गैरआवासीय नेपालीको पहिचान र उनीहरूको मुलुकको आर्थिक र सामाजिक रूपान्तरणमा सहभागी हुने इच्छालाई मूर्त रूप दिन नेपाल सरकारले ल्याएको गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६६ को उक्त सम्मेलनले स्वागतयोग्य ठहर गर्नुका साथै कार्यान्वयनमा जोड दिएको थियो। दोहोरो नागरिकताका लागि उठाउँदै आएको आवाजलाई सबै राजनैतिक दलहरूबीच आपसी समझदारीको आधारमा सकारात्मक रूपले सम्बोधन गर्ने सरकारको प्रतिबद्धतालाई पूर्ण समर्थन सम्मेलनले गरेको थियो।

नेपाल सरकारले सन् २०१० जनवरीभित्र नेपालमा परराष्ट्र मन्त्रालय तथा विदेशमा नेपाली नियोगमार्फत गैरआवासीय नेपाली परिचयपत्र वितरण गर्ने प्रतिबद्धताको स्वागत पनि गरेको थियो। देशको दिगो विकासको लागि ज्ञान र सीपको पूर्वाधार विकास गर्न विज्ञान र प्रविधिको महत्वपूर्ण भूमिका हुने हुँदा राष्ट्रिय योजना तर्जुमा गर्दा यस क्षेत्रलाई उच्च प्राथमिकता दिन यो सम्मेलनले सरकारलाई जोड दिएको थियो।

गैरआवासीय नेपाली समुदायले नेपालमा निरन्तर गर्दै आएका विभिन्न विकासमूलक, सामाजिक तथा परोपकारी कार्यमा गरेको आर्थिक सहयोगको स्वागत गर्दै थप सहयोगको आव्हान गर्नुका साथै यसै सन्दर्भमा गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले हालै गरेको पशुपति क्षेत्र अन्तर्गत कृयापुत्री भवन परिसरको जीर्णोद्धार एवम् पुननिर्माण तराईका ४ र पहाडका २ गरी ६ जिल्लामा समता शिक्षा निकेतनको लागि भवन निर्माणका साथै सिराहामा परोपकार अस्पताल निर्माणमा आर्थिक सहयोग गर्ने घोषणाको स्वागत गरिएको थियो। साथै नेपाली समुदायलाई नेपालको ग्रामीण तथा द्वन्द्व प्रभावित क्षेत्रमा विभिन्न विकासमूलक तथा परोपकारी कार्य संचालनको लागि अनुरोध गरिएको थियो। त्यसैगरी जलवायु परिवर्तनबाट उत्पन्न समस्यासँग जुध्न, खाद्य सुरक्षा प्रत्याभूत गर्न र वातावरणीय संरक्षण गर्न नेपाल सरकारले चालेको प्रयासमा संघको सक्रिय सहयोग रहने प्रतिबद्धता जाहेर गरिएको थियो। काठमाडौं तराई जोड्ने द्रूत मार्ग, जलस्रोत योजनालगायत पूर्वाधार विकासमा सरकार निजी साझेदारी अवधारणाअनुरूप निजी क्षेत्र र संघ दुवैको संयुक्त प्रयासमा अगाडि बढ्ने प्रतिबद्धतालाई जोड दिइएको थियो। साथै एक गाउँ एक उत्पादनलाई समावेशी व्यवसायको रूपमा विकास र विस्तार गर्नका लागि गैरआवासीय नेपाली समुदायको सञ्जाल परिचालनमा जोड दिएको पाइन्छ। रोजगारी तथा सीप विकासको लागि स्थापित इलम प्रशिक्षण केन्द्रहरूको विस्तार तथा प्रभावकारी सञ्चालनका लागि तीनवटै पक्षको सहकार्यलाई उक्त सम्मेलनले जोड दिएको थियो। वैदेशिक रोजगारीलाई श्रमिकको दक्षता वृद्धि र सीप विकाससँग आबद्ध गर्दै लग्नुपर्ने कुरामा सम्मेलनले प्राथमिकता दिएको पाइन्छ। लुम्बिनी, जनकपुर, सगरमाथालगायत अन्य धार्मिक, प्राकृतिक तथा मौलिक साँस्कृतिक सम्पदालाई सम्बन्धित देशमा परिचित गराउन विदेशस्थित नेपाली नियोगहरू र संघका इकाइहरूले संयुक्त प्रयास गर्ने जस्ता कार्यहरूमा प्रतिबद्धता जाहेर गरिएको थियो। नेपाली मौलिक पहिचानलाई वृद्धि गर्न केही

राष्ट्रिय समन्वय परिषद्को प्रयासमा भइरहेको नेपाल गृह निर्माण गर्ने कार्यको सराहना गर्दै अन्य राष्ट्रिय परिषद्ले पनि यसको अनुकरण गर्न सम्मेलनले जोड दिएको थियो। माथि उल्लिखित विविध पक्षलाई समेटेर सम्मेलन सम्पन्न भएको थियो (NRNA,२००३—२०१३:पृ.१२४—१२५)।

**पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलन** :

उक्त सम्मेलन काठमाडौंमा अक्टोबर १२—१४, २०११ मा सम्पन्न भएको थियो । सम्माननीय प्रधानमन्त्रीज्यू, उपप्रधानमन्त्रीज्यू, मन्त्रीज्यूहरू संविधानसभाका माननीय सदस्यज्यूहरू, कूटनीतिक नियोगका प्रमुखहरू, नेपाल सरकारका उच्च पदाधिकारीहरू, नेपाल उद्योग वाणिज्य महासंघका कार्यबाहक अध्यक्षज्यूलगायतका पदाधिकारीहरू, गैरआवासीय नेपाली संघका अध्यक्षज्य, प्रमुख संरक्षकज्यू, संरक्षकहरू तथा पदाधिकारीहरू एवं ४५ देशका ९८० भन्दा बढी गैरआवासीय नेपाली प्रतिनिधिहरूको उपस्थितिमा "हाम्रो सञ्जाल—हाम्रो पहिचानः हाम्रो नेपाल" को मूल नाराका साथ भव्यताका साथ सम्पन्न भएको थियो। उक्त सम्मेलन नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा सम्पन्न भएको थियो।

यो सम्मेलनले नेपाल सरकारद्वारा सन् २०१२/१३ लाई लगानी वर्षका रूपमा गरेको घोषणाको स्वागत गर्दै गैरआवासीय नेपाली संघ, नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघबीचको सहकार्यमा सामूहिक लगानीका माध्यमबाट देशमा सरकारले तोकेको प्राथमिकताका क्षेत्रहरूमा लगानी भित्र्याउने । यसको सुरुआतकाम रूपमा १०० मेघावाटसम्मकोमध्यमस्तरीय जलविद्युत आयोजना गैरआवासीय नेपालीको लगानीमा संचालन गर्ने प्रतिबद्धता व्यक्त गर्दै नेपाल सरकारको सकारात्मक सहयोगको अपेक्षा राखिएको थियो। त्यसको साथै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गराउन तथामध्यपूर्व र मलेशियालगायतका देशहरूमा वैदेशिक रोजगारमा गएका नेपाली कामदारका व्यक्तिगत र रोजगार सुरक्षाका सन्दर्भमा देखा परेका विभिन्न खालका समस्याहरू निराकरणका लागि संघले बेलाबेलामा दिएको सुझावलाई ध्यानमा राखी जति सक्दो चाँडो वैदेशिक रोजगारी नीतिमा परिवर्तन गर्न आवश्यक भएकालेल नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघबीच संघले सहकार्य गर्ने तत्परता देखाएको थियो । नेपालमा दक्ष जनशक्ति उत्पादनका लागि सघाउन खुल्ला विश्व विद्यालयको आवशयकताको महसुस गरी त्यसका लागि चाहिने प्राविधिक सहयोग गर्न अन्तर्राष्ट्रिय खुल्ला दूर शिक्षा परिषद् र अन्य ख्यातिप्राप्त विश्व विद्यालयले जनाएको प्रतिबद्धतालाई संघले स्वागत गर्दै यसका लागि आवश्यक कानुनी व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष अनुरोध गरेको थियो। "एक पटकको नेपाली सधैंको नेपाली" भन्ने भावनालाई मजबुत बनाउन विदेशी नागरिकता लिए पनि नेपाली नागरिकता त्याग्नु नपर्ने गरी आगामी संविधानमा व्यवस्था हुने कुरामा सम्मेलनमा सहभागीहरू विश्वस्त भएको कुरालाई व्याख्या गरिएको थियो। पहिलो र दोस्रो विश्वयुद्धमा मारिएका हजारौं गोर्खा सैनिकहरूको सम्झना र सम्मानमा स्याङ्जाको फेदीखोला गा.वि.स. वडा नं. ८ को साल्मेडाँडामा ऐतिहासिक "गोरखा स्मारक" निर्माण गर्ने कार्यलाई स्वागत गरिएको थियो । यसरी गैरआवासीय नेपाली संघले पाँचौं विश्व सम्मेलन सम्पन्न गरेको थियो भने आगामी छैठौं सम्मेलन २०१३ को अक्टोबरमा काठमाडौंमा हऽने पूर्वजानकारी गराइएको थियो (NRNA,२००३—२०१३: पृ. १२२—१२३)।

**छैठौं गैरआवासीय नेपाली विश्व सम्मेलन** :

यो सम्मेलन काठमाडौंमा अक्टोबर २३, २०१३ इ.सं. मा सम्पन्न भएको थियो। जसमा करिब ८०० सदस्यहरूको संलग्नता थियो। यो सम्मेलन दुइ दिनसम्म चलेको थियो। सरकारी उच्च पदस्थ पदाधिकारीहरू, निजी व्यापारीहरूको उपस्थिति थियो । यो सम्मेलनले नयाँ अध्यक्षको चयन गरेको थियो । जसमा अष्ट्रेलियाबाट प्रतिनिधित्व गर्ने शेष

घले निर्वाचित भएका थिए। यिनी अष्ट्रेलियामा कलेल संचालन गरेर बसेका प्रतिष्ठित व्यापारीको रूपमा परिचित छन्। यिनको कार्यकाल दुइ वर्षको रहेको छ। उक्त सम्मेलनमा संस्थापक पूर्वअध्यक्ष उपेन्द्र महतो (Founder President) ले राजनैतिक, सामाजिक उद्देश्य प्राप्तिका बारेमा प्रकाश पारेका थिए। यो सम्मेलनमा पनि पहिलाका वर्षहरूमा जस्तै दोहोरो नागरिकता पाउनु पर्ने बारेमा सरकारलाई सुझाव दिने कार्य गरिएको थियो। आफ्नो कार्यकाल पूरा गरी विदाइ लिन लागेका पूर्वअध्यक्ष जीवालामिछानेले आफ्नो कार्यकालको समयमा लामो समयदेखि संस्था दर्ता नभएर बसिरहेको अवस्थामा संस्था दर्ता हुनुलाई मुख्य उपलब्धि भएको मन्तव्य व्यक्त गरेका थिए। अन्तरिम निर्वाचन आयोगका अध्यक्ष खीलाराज रेग्मीले यो संस्थाले वैदेशिक लगानीका कार्यमा नेपाल सरकारसँग सहकार्य गरेर लगानी भित्र्याउनका लागि जोड दिएका थिए। त्यसैगरी परराष्ट्रमन्त्री माधव प्रसाद घिमिरेले देशमा प्रत्यक्ष लगानी भित्र्याएर आर्थिक अवसरलाई बढावा दिनको लागि सुझाएका थिए। साथै प्रत्येक नेपालीले आफूहरू छुट्टिमा अन्य देशमा घुम्न नगएर नेपालभित्रै रहेका आफन्तहरूसँग छुट्टि मनाउन सके मात्र पनि नेपाललाई आर्थिक क्षेत्रमा ठूलो सघाउ पुग्ने मन्तव्य दिएका थिए। त्यसको अलावा आफ्ना छोरा, छोरी, दिदी, बहिनी, नाता गोताका साथसाथै विदेशी साथीभाइहरूलाई नेपाल घुम्न जानको लागि आग्रह गर्नेजस्ता सन्देश दिनसकेमा मात्र पनि देश समृद्ध हुने कुरालाई जोड दिएका थिए

जनयुद्धको द्वन्द्वकालमा घाइते भएकाहरूको सहयोगको लागि “Relief Fund”(उद्धार कोष) बनाएर सघाउन सकिने कुरामा जोड दिनुका साथै नेपाल सरकारले संस्थालाई दर्ता गराउन सहयोग पुऱ्याएकोमा विभिन्न राजनैतिक पार्टीका च्च पदस्थ व्यक्तित्वहरूलाई धन्यवाद ज्ञापन गरिएको थियो। संयुक्त लगानीको माध्यमद्वारा नेपालमा विदेशी पुँजी लगानी गर्न सकिने कुरालाई आग्रह गरिएको थियो र सरकारलाई दोहोरो कर नलगाउँनको लागि सुझाव दिइएको थियो। यो सम्मेलन Foreign Direct Investmentमा दोहोरो कर नलगाउँने वाचाका साथ सम्पन्न गरिएको थियो। (Republica, October 23, 2013)

**सातौं गैरआवासीय नेपाली विश्व सम्मेलन :**
यो सम्मेलन १४–१७ अक्टोबर, २०१५ मा काठमाडौंमा सम्पन्न भएको थियो। यो सम्मेलनको उद्घाटन महामहिम राष्ट्रपति रामवरण यादवद्वारा गरिएको थियो। यसमा करिब १५०० जनाको सहभागिता थियो। यो सम्मेलनको मूल नारा ‘Non Resident Nepali Association, True Partner of Reconstruction’ भन्ने थियो। देशमा गएको भुइँचालोको कारणले देशका विभिन्न ठाउँमा भत्किएका संरचनाको पुनर्निमाृणमा सघाउनको लागि विभिन्न समुदाय र नेपाली जनतासँग हातेमालो गरी एक आपसमा मिलेर कार्यगत एकता गरेर पुननिर्माण गर्न सफल हुने कुरालाई संस्थाका अध्यक्ष शेष घलेले जोड दिएका थिए। दोहोरो नागरिकता पाउनुपर्ने कुरालाई वि.सं. २०७२ को कानुनले बाटो खुला गरेको बताएका थिए। नयाँ आउने विधानमा गठन छलफल गरी समेट्न सघाउ पुग्ने सबै गैरआवासीय नेपालीहरू ढुक्क भएको जानकारी गराएका थिए। गैरआवासीय नेपालीहरूले विशेष गरेर ठूला जलविद्युत आयोजनाहरू र पर्यटन क्षेत्रमा लगानी गर्ने कुरामा प्राथमिकता दिएको कुरालाई प्रकाश पारेका थिए। नेपालको समग्र विकासमा UNDPले विगत १५ वर्षदेखि खेल्दैआएको भूमिका र सहयोगको बारे खुलेरै प्रशंसा गरेका थिए। त्यसैगरी गैरआवासीय नेपाली संघले केही समयअघिदेखि नै लमजुङ्को जलविद्युत आयोजना र काठमाडौंमा पाँच तारे होटलमा लगानी गरिसकेको कुरालाई सम्मेलनमा जानकारी गराइएको थियो। उक्त संघले नेपालमा १० करोड लगानी गर्ने प्रतिबद्धता पनि जाहेर गरेको थियो। विश्वका ७१ देशहरूमा छरिएर रहेका नेपालीहरूको साझा संस्थामा करिब ४०,००० सदस्यहरू यो संस्थासाग आबद्ध भएको बारे जानकारी दिइएको थियो (रासस, अक्टोबर, १४, २०१५)।

**आठौं गैरआवासीय नेपाली विश्व सम्मेलन :**
यो सम्मेलन अक्टोबर १४, २०१७ मा काठमाडौंमा सम्पन्न भएको थियो, जसलाई महामहिम राष्ट्रपति विद्यादेवी भण्डारीले समुद्घाटन गर्नुभएको थियो। यसमा विभिन्न देशहरूबाट कार्यक्रमा सहभागी हुन आउनेहरूको संख्या १५०० थियो।

यो सम्मेलनमा गैर आवासीय नेपाली संघले विशेष गरेर स्वास्थ्य सुरक्षा, शिक्षा, पर्यटन क्षेत्र, जलविद्युत आयोजना, भौतिक संरचना र अन्य विविध क्षेत्रमा लगानी गर्दैआइरहेको बारे प्रष्ट पारिएको थियो। राष्ट्रपतिद्वारा नेपालमा लगानी गर्ने अवसर हालमा दिनमा मौका आएको र लगानी सुरक्षितसमेत रहेको कुरालाई व्याख्या गर्नुभएको थियो। वि.सं. २०१५ मा आएको विनाशकारी भूकम्पमा यो संघको सहयोगमा प्रत्यक्ष संलग्न भई घटनास्थलमा उद्धार गर्न सफल भएकोले मानवीय क्षतिलाई कम गर्नमा सघाउ पुगेको थियो। त्यसैगरी दक्षिणतर्फबाट आएको बाढीमा परी क्षति भएकाहरूको पनि उद्धार गरी सघाउन सफल भएको थियो। संघका अध्यक्ष शेष घलेले आफ्नो संघ नेपालको विकासको लागि गम्भीर रूपले लागिपरिरहेको विचार व्यक्त गरेका थिए। यो सम्मेलनका क्रममा भवन भट्ट र जमुना गुरुङले अध्यक्ष पदको लागि दाबी गरे तापनि अन्त्यमा भवन भट्टले जित हासिल गरेका थिए। यिनी जापानमा होटल व्यवसायसँग सम्बन्धित छन्। उक्त सम्मेलन ४ दिनसम्म चलेको थियो।

**नवौं गैआवासीय नेपाली विश्व सम्मेलन :**
गैरआवासीय नेपाली संघले नवौं विश्व सम्मेलन काठमाडौंमा अक्टोबर १३—१६, २०१९ मा सम्पन्न गर्ने पूर्वजानकारी गराएको छ।

यो सम्मेलनले विशेष गरेर सन्२०१५ मा गोरखाको बारपाक क्षेत्रमा भूकम्पले पुऱ्याएको क्षतिले पूरै गाउँ नाश हुनपुगेको कुरा सर्वविदितै छ। त्यसैले सो ठाउँमा भएका घरहरू र संरचनाहरूलाई पुननिर्माण गरी नयाँ घर बनाउने संकल्पअनुरूप थालनी गरेको घरहरू सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने योजनाको पर्खाइमा रहेको जानकारी गराइएको छ। सो निर्माण कार्यलाई यो संघले आर्थिक सहयोग पुऱ्याएको थियो। त्यसैगरी जनकपुरको जानकी मन्दिरको परिसरभित्र आधुनिक प्रकाशहरूको व्यवस्था पनि गरेको छ। साथै मार्च महिना २०१९ मा भएको नेपाल लगानी सम्मेलनमा नेपाल सरकारसँग सहकार्य गरेर अघि बढेको थियो। त्यसका साथै अमेरिकी डलर १०० मिलियन विदेशी लगानी गर्ने प्रतिबद्धता पनि यो संघले जाहेर गरेको छ। त्यसको अलावा जलविद्युत आयोजना, मानव संसाधन, कृषिको आधुनिकीकरण जस्ता कार्यक्रममा पनि लगानी गर्नको लागि प्राथमिकता तोकेको छ।

माथि उल्लेखनीय विभिन्न सम्मेलनमार्फत विदेशमा भएका नेपालीहरू एकीकृत भई एक आपसमा मिलेर नेपालको विकासमा टेवा पुऱ्याउनेको साथै आर्थिक विकासमा सघाउ पुऱ्याउँदै आएको पाइन्छ भने आगामी दिनमा पनि यसता खालका कार्यक्रमहरूको दायरा बढ्दै जाने निश्चितता देखिन्छ।

**गैरआवासीय नेपाली संघका चुनौतीहरू :**
यस संस्थाभित्र हालका दिनमा आएर विभिन्न चुनौतीहरू देखापर्न थालेका छन्। हिजोको दिनमा संस्थाका सदस्यहरू पनि थोरै थिए भने हालका दिनमा जस्तो विदेशिनेहरूको संख्या पनि न्यून थियो त्यसैले एक आपसमा भेटघाट हुनुलाई नै ठूलो सफलताको रूपमा हेर्ने गरिन्थ्यो तर वर्तमान परिवेशमा विद्यार्थीहरूको ठूलो जमात अष्ट्रेलिया नै मुख्य गन्तव्य बनेको छ। शुरुका दिनमा विद्यार्थी भएर आए तापनि यो समूह आफ्नो अध्ययनपश्चात् यहीको स्थानीय

बासिन्दा बन्ने सोच बनाइरहेका हुन्छन् र व्यवहारमा त्यो देखा पनि परेको छ। साथै यहाँको सरकारले पनि बस्नको लागि सुविधा प्रदान गरेकोले आकर्षित हुनु स्वाभाविकै हो। नेपालमा रोजगारीको अवसर नहुनु, राजनैतिक अस्थिरता, स्वास्थ्यमा ठूलो संख्याको पहुँच नहुनु, आफ्नो इच्छाअनुसार काम गर्न नपाउनु, अरूको इशारामा चल्नुपर्ने, बिग्रँदो राजनीतिक वातावरण, सरकारको दीर्घकालीन योजना नहुनु र जनशक्तिको पहिचान गरी उचित व्यवस्थापन गर्न नसक्नु जस्ता विविध कारणले यहाँको बसाइतर्फ सबै आकर्षित पारेको हुन्छ, साथै यो ठाउँमा बढी गर्मी हुने हुँदा मौसमले पनि समुद्रको किनारमा घुम्ने रहर सबैमा जाग्दछ। जसले गर्दा पौडी खेल्ने क्रममा वर्षेनी नेपालीहरूले ज्यान गुमाउनु परेको दुःखदु घटनाहरू पनि समाचारमा आइरहेका हुन्छन्। जुन कुरा यहाँका बच्चाहरूलाई सानो उमेरदेखि नै पौडी खेल्न सिकाइन्छ र कसरी सुरक्षित हुने भन्ने जानकारी दिइएको हुन्छ। जुन हाम्रो देशमा सम्भव छैन। किनकि हामीकहाँ समुद्र छैन। यस्ता कुरालाई बढी ध्यान दिनुपर्ने देखिन्छ। त्यसैगरी अरू साथीभाइ आएको देखेर आफूलाई पनि आकर्षित गर्ने गरेको पाइन्छ। सबै घर परिवारको आर्थिक अवस्था, सामाजिक परिवेश, नाता सम्बन्ध एकै खालको रहँदैन। शुरुमा यहाँ ऋण खोजेर आए तापनि यहाँको प्रतिस्पर्धी समाजमा काम पाउन पनि त्यत्तिकै गाह्रो हुन्छ र पछि घरबाट समेत पैसा पठाउनको लागि दबाब दिइन्छ जसले गर्दा कतिपय विद्यार्थीहरू मानसिक रोगको सिकार बन्नजाने जोखिम देखिन्छ। साथै उनीहरूले पढाइमा भन्दा पनि कामलाई बढी महत्व दिने गर्दछन् जसले गर्दा माथि जाने बाटोहरू रोकिन जान्छ। यसलाई पनि संघले विचार पुऱ्याउनु आवश्यक छ। अर्कातर्फ नेपालका सडकभरि अष्ट्रेलिया पढ्न जाने कलेजहरूको विज्ञापन र यहाँको ओपेरा हाउस, सिड्नीको सहरजस्ता आकर्षक तस्बीरहरूले प्रचार प्रसार गरिएको हुन्छ। जसले गर्दा त्यसको छाप उनीहरूमा पर्नजान्छ र जाऊँजाऊँ भन्ने उत्प्रेरणा गराउँछ। तर उनीहरूलाई थाहा हुँदैन कि सबै ठाउँ त्यत्तिकै रहर लाग्दा हुँदैनन्। साथै नेपालमा त नेपालीहरूसँग मात्र प्रतिस्पर्धा गर्नु पर्दछ भने यहाँ त विश्वभरिबाट आएकाहरूसँग कामदेखि पढाइसम्म प्रतिस्पर्धामा उत्रिनु पर्दछ। त्यसको अलावा एक पटक पनि अष्ट्रेलिया नदेखेको र अष्ट्रेलियाको अध्ययनसम्बन्धी कुनै पनि अनुभव नभएको व्यक्तिले नै नेपालमा बसेर अष्ट्रेलिया राम्रो भनेर सल्लाह दिने गरेको पाइन्छ। जसको लागि संघले सरकारसँग छलफल गरेर निगरानी बढाउनु आवश्यक छ। त्यसैगरी विशेष गरेर महिलाहरू नेपालबाट अध्ययनको लागि आउँदा यहाँ बस्ने ठाउँको अभाव हुन्छ। उनीहरूले पूरै कोठा भाडा तिरेर बस्न सक्दैनन् त्यसैले अरू साथीसँग मिलेर बस्नुपर्ने बाध्यता हुन्छ। महिला साथी नै पर्छ भन्ने हुँदैन। कतिपय अवस्थामा केटाहरूसँग बस्नुपर्ने बाध्यता हुन्छ जसले गर्दा उनीहरूलाई खुलेर कुरा गर्न गाह्रो हुने र मानसिक चिन्ता भोग्नुपनॆ अवस्था पनि आउँछ। त्यसैगरी कतिपय परिवारमा घरेलु हिंसाहरू पनि बेहोर्नु परेको देखिन्छ। महिलाले कमाएको पैसा आफ्नो खातामा राख्न दबाब दिने, बजारमा किनमेलको लागि पनि नियन्त्रण गर्ने, घरमा राम्रो व्यवहार नगर्ने, नेपालको जस्तै व्यवहार गर्नखोल्ने आफ्नो वशमा राख्न खोज्ने गरेको पाइन्छ जुन कुरा यहाँको कानुनले दिंदैन। त्यस्ता कारणले पनि कतिपयले छुट्टिभिन्न हुनुपर्ने अवस्था आएको छ। बच्चाहरूलाई बढी समय दिन नभ्याउने कामलाई र पैसालाई मात्र प्राथमिकता दिने गरेको पाइन्छ। कतिपय बच्चाहरू गलत संगतमा लाग्नसक्ने सम्भावना पनि त्यत्तिकै छ। यहाँ जन्मेका बच्चाहरूलाई पनि कुन कुरा मान्ने कुन कुरा नमान्ने भन्ने दोधार छ। घरमा बाबुआमाले नेपालको जस्तो व्यवहार गर्ने भनिरहेका हुन्छन् भने स्कुलमा अर्कै व्यवहार गर्नुपर्ने हुन्छ। कतिपय घर परिवारका सदस्यले नेपाली बोल्न नै रोक लगाउँने गरेको पाइन्छ। यसलाई पनि गहन रूपले अध्ययन गरेर कुन रूपमा विकास गर्न सकिन्छ भनेर हेर्नु जरूरी छ। त्यसैगरी नेपालबाट आफ्ना अभिभावकलाई बोलाइएको हुन्छ तर कतिपयले उनीहरूलाई यहाँको नियम, कानुन, भाषाजस्ता कुराहरूको जानकारी नगराउने हुँदा बाटो काट्न समस्या हुने, बजारमा गएर सामान किन्न गाह्रो हुने, यातायातमा यात्रा गर्न गाह्रो हुने र स्वास्थ्यमा समेत समस्या देखा पर्ने गरेको देखिन्छ। स्वास्थ्य परिक्षण गर्न महगों पर्ने हुंदा रोगलाई दवाएर राख्ने गर्दछन् र नेपाल गएर स्वास्थ्य परिक्षण गराउने भनेर वस्ने गर्दछन्। जस्ले गर्दा स्वास्थ्यमा नकारात्मक

प्रभाव पर्दछ। तर आजकाल Sydney मा नेपाली सामानहरू किन्न केही सहज भएको छ। किनकी यहां नेपाली खुद्रा पसलहरु ठाउं ठाउंमा खोलिएका छन्। दिनभरि एक्लै घर बस्नुपर्ने, लिफ्ट खोल्न बन्द गर्न नजान्ने, चुल्हो बाल्न, बन्द गर्न नजान्ने हुँदा छोरा, बुहारीको मुख ताक्नुपर्ने समस्या पनि अर्कातर्फ छ। साथै उनीहरूलाई बेलाबेलामा श्राद्ध गर्नुपर्ने, पूजा गर्नुपर्ने हुँदा पण्डित बोलाउँदा महँगो पर्ने हुँदा यो संस्थाले यस्ता कार्यहरू सहज रूपमा एकै स्थानमा उपलब्ध गराउन सकेमा वृद्ध वृद्धाहरूले पनि सुखको अनुभूति गर्ने थिए। अबको केही वर्षपछि एउटा समूहले कामबाट अवकास लिएर वृद्ध अवस्था व्यतीन गर्नुपर्ने देखिन्छ। त्यो समयमा कसरी आफ्नो समुदायसँग दिन व्यतीत गर्ने र यदि कुनै व्यक्तिको मृत्यु भएमा दाह संस्कार गर्ने जस्ता कार्यहरू सहज रूपमा उपलब्ध हुने र काजक्रिया गर्ने नेपालीहरूको आफ्नै स्थान हुन पनि जरूरी छ। त्यसैले यसतर्फ पनि ध्यान पुऱ्याउनु आवश्यक छ। दोश्रो पुस्ताका बच्चाहरूलाई नेपालसँग जोड्न सक्नु पनि त्यत्तिकै चुनौतीपूर्ण छ।

**गैरआवासीय नेपाली संघ अष्ट्रेलियको भूमिका**

गैर आवासीय नेपाली संघले गर्ने भूमिका र गैरआवासीय नेपाली संघ अष्ट्रेलियको भूमिका खासै भिन्नता देखिदैन। गैर आवासीय नेपाली संघले गर्ने भूमिका विश्व भरी छरिएका नेपाली आप्रवासीहरुको ब्यापक हितसंग जोडिएको छ भने गैरआवासीय नेपाली संघ अष्ट्रेलियको भूमिका सिमित मात्र छ।

यो संस्थाले मुख्य रूपमा विभिन्न पेसा, रोजगारी र अध्ययनका लागि नेपालबाट अष्ट्रेलिया आएर बसोवास गरेका नेपालीहरूको हक, हित, विकास र सहयोग पुऱ्याउने हेतुले एकत्रित गरेर संस्थागत रूपमा आबद्ध गरी एक आपसमा भाइचाराको सम्बन्ध स्थापित गर्नु रहेको छ। साथै अष्ट्रेलिया देश आफैंमा बहुभााषिक, साँस्कृतिक, धार्मिक राष्ट्र भएकोले यो देशको कानुन र सीमाको परिधिभित्र रहेर एक आपसमा मिलेर समावेशी संस्कृति, भेषभूषा, रीति रिवाज, भाषा र मूल्य मान्यताजस्ता कुराहरूको विकास गरेर दोश्रो पुस्ता जो यही भूमिमा जन्मिएका नेपालीहरू छन्, उनीहरूलाई समेत समेटेर नेपाली कला संस्कृतिलाई विस्तार गर्दै लैजानुको साथै नेपालमा आवश्यक कानुन जस्तैः दोहोरो नागरिकता, सजिलो लगानीको वातावरण जस्ता कुराहरूको लागि नेपाल सरकारसँग पैरवी (Lobby) गर्नु यसको मुख्य उद्देश्य रहेको देखिन्छ।

अष्ट्रेलियन नेपाली समाज वर्तमान अवस्थामा आगामी २ वर्ष (२०१९/२०२१) को चुनावमा सक्रिय भूमिका निर्वाह गर्दैछ। नयाँ कार्यसमितिको चयनको लागि जुलाई ६ तारिखका दिन हुँदैछ। जसमा करिब ११ हजार ८ सय पञ्जीकृत सदस्यहरूले मतदान गर्नेछन्। निर्वाचन आयोगका अनुसार उम्मेद्वारीको लागि जुन ३ – ८ सम्मको म्याद तोकिएको छ। यसमा ४१ सदस्यीय राष्ट्रिय समन्वय समिति, ८ राज्य समिति, महिला तथा युवा फोरम र ७ सदस्यीय अन्तर र्ाष्ट्रिय समन्वय सदस्यका प्रतिनिधिहरू निर्वाचित हुने जनाइएको छ। चुनाव हुने वर्षमा अप्रिलदेखि अक्टोबरसम्म ल्व्ल्ब्को करिब ७५ राष्ट्रहरूमा रहेका NCC र केन्द्रमा बन्ने समन्वय समिति क्ष्त्रऋ का लागि प्रतिनिधिहरूको पनि चुनाव हुने हुँदा ल्व्ल् मा यो मौसम निकै व्यस्तताका साथ बित्ने गरेको पाइन्छ। NRNA अष्ट्रेलियाले १२०० सदस्यहरूबाट करिब ३,००,००० (तीन लाख) अष्ट्रेलिन डलर जम्मा गर्न सकेको कुरा संस्थाका प्रवक्ता डिला खरेल बताउनुहुन्छ। विभिन्न ८० राष्ट्रहरूमा छरिएर रहेका नेपालीहरूमध्ये सदस्य संख्याको आधारलाई हेर्ने हो भने अष्ट्रेलिया नै ठूलो ठहर्छ। अमेरिकामा पनि जम्मा १०,००० (दश हजार) मात्र सदस्यहरू भएको तथ्यांकले देखाउँछ। गतवर्ष अष्ट्रेलियामा सदस्यहरूको संख्या ८४६५ मात्र थियो भने यो वर्ष संख्यामा उल्लेख्य वृद्धि भएको पाइन्छ। यो चुनाव हालका दिनमा आएर निकै प्रतिस्पर्धी वन्दै गएको छ। नेपालको चुनाव जस्तै खर्चिलो पनि बन्दै गएको देखिन्छ (लम्साल, २०१९)। यस्ता खालका प्रतिस्पर्धालाई समयमै ध्यान पुऱ्याएर नियन्त्रण गर्नु आवश्यक देखिन्छ।

यो संस्थाले विशेष गरेर निम्न उद्देइहरू राखेर अगाडि बढेको पाइन्छ। जुन निम्न अनुसार छन्।

- यहाँ भएका नेपालीहरूको हक, हित र अधिकार र विचारलाई उच्च कदर गर्दै अघि बढ्ने नीति अवलम्बन गरेको छ।
- नेपालको सामाजिक, आर्थिक विकासमा प्रत्यक्ष रूपमा सहभागी भएर देश निर्माणमा सघाउने।
- नेपाली कला, भेषभूषा, संस्कृति र मौलिकतालाई पर्यटनको क्षेत्रमा विश्वभर नेपाल चिनाउन प्रयत्न गर्ने।
- अष्ट्रेलिया सरकारको कानुनी परिधिभित्र रहेर Australia Chapter of the NRNA को उद्देश्य अनुरूप कार्य गर्ने।
- नेपाली कला र संस्कृतिको माध्यमद्वारा नेपाली समुदायलाई मनोरञ्जन गराउने र विकास गर्दै लैजाने।
- अष्ट्रेलियामा भएका अन्य संघ संस्था र समुदायसँग एक आपसमा मिलेर कार्यगत एकता गर्ने साथै Sydney बाहिर अन्य राज्यमा भएका संघ संस्थाहरूलाई पनि समेट्ने र एकता कायम राख्ने।
- नेपालको विकासको लागि दक्ष जनशक्ति, ज्ञान, सीप, पुँजी र श्रोत र साधनलगायत आवश्यकतालाई पूर्ति गर्ने।
- नेपाली भाषालाइ्र अष्ट्रेलियाभरि फैलाएर नयाँ पुस्तामा समेत विकसित गर्दै जाने।
- प्रत्येक जात, जातिको भेषभूषा, भाषा, रीतिरिवाज, खानापिना, ज्ञान र सीपको कदर गर्दै अघि बढ्ने।
- मुख्य गरेर शारीरिक र मानसिक रूपले अशक्त व्यक्तिहरूलाई सघाउने, घरेलु हिंसालाई न्यून गर्दै लैजाने, आर्थिक अभाव भएका व्यक्तिहरूको पहिचान गर सम्मानजनक बाँच्न पाउने, स्कुल जान पाउने/रोजगकारी गर्न पाउने अधिकार स्थापना गर्नका लागि सरकारसँग मिलेर काम गर्ने र यस्ता कार्यहरू नेपालमा पनि गरेर सरकारलाई सघाएर समाजलाई अघि बढाउनेजस्ता विविध उद्देश्यहरूसहित यो संस्था अघि बढिरहेको पाइन्छ।
- यो संस्थाले सन् २००० मा विदेशमा भएका नेपालीहरूको हक हित अधिकारलाईमध्यनजर राखेर नेपाली पहिचानको लागि दोहोरो नागरिकताको लागि नेपाल सरकारसँग मिलेर सहकार्य गरेर जोडदार मागहरू राखेको पाइन्छ। त्यसैगरी विदेशमा भएका नेपालीहरूले पनि नेपालको निर्वाचनमा भाग लिन पाउनुपर्ने माग राखेको पाइन्छ भन्ने नाराका साथ अघि बढेको पाइन्छ।
- जनवरी २००५ मा Sydney मा राष्ट्रिय सम्मेलन गरिएको थियो। जसको लागि व्यापक प्रचार प्रसार गरिएको थियो। जसले गर्दा धेरै संख्यामा जमघट भएको थियो।
- अक्टोबर, २००५ मा काठमाडौंमा भएको गैरआवासीय नेपाली विश्व सम्मेलनमा अष्ट्रेलियाले सक्रिय भूमिका निर्वा गर्न सफल रहेको थियो। यसमा इन्द्रावन ९क्ष्ऋत्रऋ० उपाध्यक्ष र दीपक खड्का ९क्ष्ऋत्रऋ० सदस्य निर्वाचित भएर ९इअभलष्ब० ओसियाना क्षेत्रको लागि सहभागिता जनाउन सफल भएका थिए।
- अप्रिल, २००६ मा Nepal Festival ले ऐतिहासिक सफलता प्राप्त गर्न सफल रहेको थियो। जसमा यहाँका व्यापारिक, सामाजिक समुदायका साथै नेपालबाट नेपाल पर्यटन बोर्ड र नेपाली क्थमलभथ का लागि नेपाली वाणिज्य दूत र अन्य राज्यहरूबाट समेत व्यापक सहभागिता रहेको थियो। अप्रिल, २००६ मा अष्ट्रेलियन डलर १००००० नेपालको आन्दोलनमा पीडित भएकाहरूको परिवारको उद्धारको लागि सहयोग गरेको थियो।
- मे, २००६ मा Sydney मा लामो समयदेखि कानुनी वकालत गर्दै आएका डा. शमशेर सिंह थापालाई NRN ICC सदस्यमा चयन गरियो।
- June, २००६ मा जर्मनको द्ययलल ९बोन० मा भएको दोस्रो क्षेत्रीय सम्मेलनमा अष्ट्रेलियाबाट सक्रिय सहभागिता जनाइएको थियो जसमा जय ढुङ्गेललाई ICC सदस्य चयन गरियो।

- डिसेम्बर, २००६ मा दोहोरो नागरिकताको सवालमा उठेका प्रश्न हरूको बारेमा सम्बोधन पत्र काठमाडौंमा माननीय सदस्य श्री माधवप्रसाद नेपाल, माननीय सदस्य श्री महेन्द्र पाण्डे, इ. जनजाति सहासंघका सदस्य सचिव डा. ओम गुरुङलाई हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको थियो।
- काठमाडौंस्थिति NRN Aको पुस्तकालयको लागि अष्ट्रेलियन डलर १,००० सहयोग प्रदान गरेको थियो।
- फेब्रुअरी, २००७ मा देवघाट वृद्धाश्रम निर्माणका आयोजनाका लागि अमेरिकी डलर १,००० को सहयोग प्रदान गरेको थियो।

## भावी दिशा निर्देशन (Future Direction)

- यो संस्थाले भावी कार्यक्रमहरूमा विशेष गरेर नेपाली समुदाय र विभिन्न व्यापारिक संगठनहरूसँग मिलेर देश विकासमा सघाउने लक्ष्य लिएको छ।
- नेपालको पर्यटन क्षेत्रलाइ विश्वभर चिनाउनको लागि अष्ट्रेलियामा पनि प्रचार–प्रसारमा व्यापकता ल्याउने।
- नेपालमा लगानीको अवसरहरूको लागि NRN लगायत विभिन्न इच्छुक व्यक्तिहरूलाई प्रोत्साहित गर्दैजाने।
- काठमाडौं सम्मलनले अपेक्षा गरेअनुसारको दक्ष जनशक्ति, सीप, ज्ञान र पुँजी र श्रोतलाई नेपालमा परिचालन गर्ने साथै यस्ता व्यक्तिहरूको सूची तैयार पारी तथ्यांक उपलब्ध गराउने।
- आर्थिक कारोबारमा वृद्धि गर्नका लागि र प्रशासनिक कार्य क्षमताका लागि सदस्यहरूको संख्यामा वृद्धि गर्दै लैजाने साथै कानुनी मान्यताहरू दिलाउन पहल गर्दै जाने।
- Nepal Festival लाई निरन्तरताको लागि प्रत्येक दुइ वर्षमा अन्य राज्यहरू (States) मा पनि गर्दै जाने।
- समुदायको हितको लागि अष्ट्रेलियाका Federal State, Local government's departments सँग सहयोगको लागि पहल गर्दै जाने।
- वार्षिक कार्यक्रमको तालिका बनाउने र कार्यक्रमहरू नदोहोरिऊन् भन्नेमा सतर्कता अपनाउने।
- अष्ट्रेलियन सरकारको नीति र कार्यक्रमलाई सघाउँदै अघि बढ्ने।
- नेपाली भाषा, भेष भूषा, खानापिना र संस्कृतिलाई दोश्रो पुस्तामा पनि हस्तान्तरण गर्दै लैजाने लक्ष्य लिएको छ। साथै यहाँ भएका नेपालीहरूको चाहनालाई क्रमिक रूपमा पूरा गर्दै जाने।
- यहाँ भएका नेपाली राजदूतावास, वाणिज्य दुत, विभिन्न सरकारी निकायसँग राम्रो सम्बन्ध स्थापित गर्दै यहाँ भएका अन्य संघ संस्थाहरूसँग सहकार्य गर्दै जाने।
- नेपाली संघ संस्थाहरूलाई एउटै छाताभित्र राख्ने प्रयास गर्ने।
- युवा जनशक्रिलाई प्रोत्साहित गर्ने, उनीहरूलाई राजनीतिमा सक्रिय रूपमा अघि बढाउन सघाउने र विभिन्न संघ संस्थाहरूमा संलग्न गराउने।
- 'Think Global and Act Local' को नारालाई प्रोत्साहन गरेर अगाडि बढ्ने जस्ता विविध भावी योजनाका साथ गैरआवासीय नेपाली संस्था अघि बढ्दै गएको छ।

## निष्कर्ष

"नेपालीको लागि नेपाली" भन्ने नाराका साथ गैरआवासीय नेपाली संघ स्थापना भएको पनि १६ वर्ष पुरा हुनलागेको छ। हालका दिनमा करिब ८० लाख नेपालीहरू प्रवासमा जीवन बिताइरहेका छन्। जुन भोलिका दिनका लागि यो संख्या नेपालको विकासको लागि महत्वपूर्ण मेरुदण्ड हुन सक्ने सम्भावनालाई नकार्न सकिंदैन। किनकि यिनीहरूसँग भएको ज्ञान, सीप, स्रोत, पुँजी, कार्य दक्षता आदि नेपालले भोलिका दिनमा विना लगानी नै प्राप्न गर्नसक्ने अवस्था छ। जसलाई सरकारले पनि यिनीहरूलाई देश छोड्ने नागरिकहरू दोश्रो दर्जाका हुन् भनेर नकारात्मक भाव राख्नुको

सट्टा उनीहरूबाट कसरी सहयोग लिन सकिन्छ भनने धारणा आवश्यक छ। नेपाल छोडेर विदेश आए तापनि यहाँका प्रत्येक नेपालीहरूलाई नेपालको प्रत्येक घटना क्रमले छुने गरेको पाइन्छ। नयाँ पुस्तालाई नेपालसँग कसरी जोड्न सकिन्छ भनेर सोच्नुपर्ने अवस्था आइसकेको छ। नेपाल सरकारले २०१३ को अक्टोबरमा NRNA अभियानलाई मान्यता दिएर परराष्ट्र मन्त्रालयमा दर्ता हुनगएको छ र विदेशमा भएका नेपालीहरूलाई ल्च्ल् को परिचयपत्रमार्फत नेपालमा आवागमन र लगानीमैत्री वातावरण बन्नगएको देखिन्छ। त्यसैगरी दोहोरो नागरिकताको मागलाई पनि गणतन्त्र नेपालको संविधानले समेटेको अवस्था छ। यसलाई सकारात्मक रूपमा मनन गरेर विदेशमा रहेका नेपालीहरूले आफ्नो देश र भूमिप्रति आफ्नो इमानदारिता देखाउनु पनि आवश्यकता ठहर्छ। त्यसैले यो शक्तिलाई सामूहिक र संगठित रूपमा जुटाउन सक्नु नै आजको आवश्यकता हो भन्नुमा अत्युक्ति नहोला। यसले नै देश र देशबाहिर रहेका सम्पूर्ण नेपालीको भलाइ हुनेमा दुइ मत देखिंदैन। गैरआवासीय नेपाली संघको भूमिकालाई नियाल्दा के निर्ष्कष निकाल्न सकिन्छ भने गैरआवासीय नेपालीहरु संगठनको मार्फत उत्पतिको देस र बसाई सरेर गएको देसमा आफ्नो उपस्थिति देखाउन चाहन्छन्। दुवै स्थानमा आफ्नो प्रभाव पार्न र त्यसवाट फाइदा लिन खोजेको देखिन्छ। धेरै गैरआवासीय नेपालीहरु पहिलो पुस्ताका मानिसहरु छन्। त्यसैले उनीहरु बसाइ सरेर गएको देशमा पनि भिज्न सकेका छैनन् भने नेपालसंगका सामाजिक, राजनैतिक र आर्थिक मोह पनि कायमै छ। गैरआवासीय नेपाली संघले नेपाल तथा बसाइ सरेर गएको देशमा आफ्नो पहिचान कायम गर्न विभिन्न गतिविधीहरु गर्दै आएका छन्।

**सन्दर्भ सामग्रीहरू**


NRNA (२०१३) गैरआवासीय नेपाली संघ तथा गैर आवासीय नेपालीसम्बन्धी वैधानिक र कानुनी दस्तावेजहरू : २००३–२०१३ गैरआवासीय नेपाली संघको सचिवालय, काठमाडौंन्न नेपाल।

लम्साल, महेन्द्र कुमार (२०१९). एनआरएनए अभियानः जनमुखी कि चुनावमुखी? द नेपाली टाइम्स अष्ट्रेलिया, वर्ष ११, भोलुम, १३०, जुन२०१९ (पृ. १०–११), सिड्नी, अष्ट्रेलिया।

राष्ट्रिय समाचार समिति, अक्टोबर १४, २०१५, काठमाडौं।

Adhikari, P.(2010)Ties that bind: An Ancient Account of Nepal China Relations, Kathmandu Sangam Institute.

Disclaimer– NRNA Australia www.nm.org.all/nma_disclaimer.php.

Khanal, D.R. and Suman S. (2013). Role of NRN in Effective Mobilization of Economic Diplomacy in Nepal, in Economic Diplomacy: Importance and Scope. Ministry of Foreign Affairs.Kathmandu.

MoFA (2013), Economic Diplomacy Related Program (Operation of management) Directive.2018 (Draft); Kathmandu: Ministry of Foreign Affairs.

Upreti,P.R. (1996) Traties between Nepal and Her Neighbor, Kathmandu: TU Journal, vol. XIX; June.